# पाठ ३

# समुदायमा बढ्नु

एक व्यक्ति कसरी वृद्धि हुन्छ भन्ने बारेमा के तपाईंले कहिल्यै विचार गर्नुभएको छ? रुन र खान जानेपछि बालकले आफ्नो जीवन शुरू गर्छ। डेढ़ वर्षको भएपछि ऊ हिँड्न, बोल्न र विचार गर्न थाल्छ। यो कसरी सम्भव छ त? यो आश्चर्यकर्मलाई चाहिँ हामीहरूमध्ये धेरैले वास्तै गर्दैनौं। बालकले खाने र सुत्ने गरेको कारणले उसको वृद्धि हुन्छ। उसको हेरचाहा गर्ने मानिसहरूद्वारा उसलाई धेरै कुरा सिकाइएको हुनाले उसले सिक्ने काम गर्छ। ऊ वयस्क नहोऊञ्जेलसम्म धेरै वर्षको निम्ति उसको शरीर र मनको निरन्तर विकास भइरहन्छ। जब ऊ वयस्क हुन्छ, हामी भन्न सक्छौं कि ऊ *परिपक्व* भएको छ।

साक्षी दिनुपर्ने येशूको आज्ञाको बारेमा हामीले पाठ २-मा सिकिसकेका छौं। प्रभावशाली रूपमा साक्षी दिनका लागि हामी आत्मिक रूपमा विकास हुनैपर्छ। आत्मिक रूपमा कसरी परिपक्व बन्नुपर्छ भन्ने बारेमा तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ। केही मान्छेहरू धेरै वर्षपछि पनि बालक ख्रीष्टियानहरू नै हुन्छन्। यस्तो हुनुचाहिँ परमेश्वरको योजना होइन। परमेश्वरले हामीलाई परिपक्व भएको चाहनुहुन्छ। उहाँले हामीलाई आत्मिक रूपमा अग्लो भएको र "परिपक्व मानिस बनी ख्रीष्टको पूर्णताको



नापसम्म पुगेको'' चाहनुहुन्छ (एफिसी ४:१३)। तब हामी अरूहरूसँगको समुदायमा वृद्धि हुन सक्षम हुन्छौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

वृद्धि हुने तरीकाहरू
- पवित्रशास्त्रलाई जान्नुहोस्
- प्रभुको बारेमा विचार गर्नुहोस्
- ख्रीष्टियान प्रेमद्वारा अधीन हुनुहोस्
- अरूहरूसँग आराधना गर्नुहोस्

वृद्धिका सिद्धान्तहरू
- परमेश्वरका निम्ति अलग
- संसारबाट अलग
- सहनशीलता र धैर्यता

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- तपाईं प्रभुमा वृद्धि हुन सक्ने तरीकाहरूलाई बुझ्न।
- ख्रीष्टियान वृद्धिमा अलगपन, सहनशीलता र धैर्यको स्थानलाई व्याख्या गर्न।

## वृद्धि हुने तरीकाहरू

### पवित्रशास्त्रलाई जान्नुहोस्

उद्देश्य १ *पवित्रशास्त्रलाई पढ्ने र जान्ने नतिजा उल्लेख गर्नुहोस्।*

एक दिन मनगढन्ते कथा लिएर सदुकीहरू येशूकहाँ आए। तिनीहरूले भने कि कुनै स्त्रीले एउटा मानिससँग विवाह गरी र ऊ मऱ्यो। तब त्यसले फेरि विवाह गरी, तर दोस्रो लोग्ने पनि मऱ्यो। यस्तो घटना सातपल्टसम्म भयो। तब स्वर्गमा चाहिँ यस स्त्री कसकी पत्नी हुन्छे होली भनी सदुकीहरूले येशूसँग प्रश्न गरे (मत्ती २२:२८)।

येशूको जाँच गर्नलाई नै यस कथाको आविष्कार गरिएको थियो। सदुकीहरूले पुनरुत्थानमा विश्वास गर्दैनथे। तिनीहरूको विश्वासको विरुद्धमा येशूले केही भनेको तिनीहरू चाहन्थे। त्यसरी तिनीहरू उहाँको शिक्षालाई इन्कार गर्न सक्थे र आफूले यसो गर्दा उनीहरूलाई खुशीको अनुभव हुन्थ्यो।

यद्यपि, सदुकीहरूलाई उत्तर दिनुको सट्टा येशू समस्याको जरामा जानुभयो। तिनीहरूले पवित्रशास्त्रलाई बुझेका छैनन् भनी येशूले प्रकट गरिदिनुभयो। येशूले भन्नुभयो, "तिमीहरू भ्रममा परेका छौ, किनकि तिमीहरू पवित्रशास्त्र र परमेश्वरको शक्ति जान्दैनौ" (मत्ती २२:२९)। येशूले प्रयोग गर्नुभएको क्रमलाई

ध्यान दिनुहोस्। पवित्रशास्त्रको ज्ञानलाई उहाँले पहिलो स्थानमा राख्नुभयो र परमेश्वरको शक्तिलाई चाहिँ दोस्रो स्थानमा राख्नुभयो।

हामीले सिक्नुपर्ने धेरै कुरा यहाँ छ। परमेश्वरको शक्तिको निम्ति मानिसहरूमा ठूलो इच्छा देखिन्छ, तर पवित्रशास्त्र जान्न चाहने ठूलो इच्छाचाहिँ त्यहाँ छैन। योचाहिँ हलोलाई गोरुको अगाड़ि राख्नुजस्तो हो। यसले काम गर्दैन। के तपाईं आफ्नो जीवनमा परमेश्वरको शक्ति चाहनुहुन्छ? तब पवित्रशास्त्रको शिक्षालाई तपाईंले जान्नुपर्छ र त्यसअनुसार जिउनुपर्छ।

प्रेरित पत्रुसले भनेका छन्, "नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ" (१ पत्रुस २:२)। वृद्धि हुन र स्वस्थ हुनको निम्ति जसरी बालकहरूलाई खानेकुराको आवश्यकता पर्छ, त्यसै गरी परिपक्व र स्वस्थ ख्रीष्टियानहरू बन्नका लागि हामीले परमेश्वरको वचनलाई खानैपर्छ।



भजनसंग्रह ११९-मा १७६-वटा पदहरू छन्। प्रायःजसो यी पदहरूमा कुनै न कुनै किसिमले पवित्रशास्त्र उल्लेखित गरिएकै छ। अरू कुराहरूका साथसाथै यी पदहरूले देखाउँछन्

कि वचनचाहिँ पापको विरुद्धमा हाम्रो सुरक्षा, हाम्रो अगुवा, हाम्रो वृद्धि र हाम्रो आनन्द हुनुपर्छ।

यदि वचनको पढ़ाइ तपाईंको जीवनको निरन्तर अभ्यास होइन भने, पवित्रशास्त्रको पढ़ाइ र बुझाइको लागि आवश्यक बुद्धि प्राप्त गर्नका निम्ति प्रभुसँग बिन्ती गर्नुहोस्। हामी अल्छी भएका हुनाले कति पल्ट हामीले गर्नैपर्ने काम पनि हामी गर्दैनौं। परमेश्वरले मात्र मेरो निम्ति गरिदिनसक्ने केही कुराहरू त्यहाँ छन्। त्यहाँ भएका अरू कति कुराहरूचाहिँ म आफैले गर्नुपर्छ। उदाहरणको लागि दैनिक प्रार्थना र बाइबलको सम्बन्धमा आउँदा मैले आफैमाथि अधिकार गरेर यसलाई गर्नैपर्छ। यसले मेरो इच्छाको कार्यलाई माग गर्छ। यो गर्नैपर्छ भनेर कसैले पनि मलाई जबरजस्ती गर्दैन। म आफैले नै यसलाई गर्नुपर्छ। जब म दिनहुँ वचनलाई पढ्न थाल्छु, यसले ल्याउने आनन्द, तृप्तता र वृद्धिको म अनुभव गर्छु।

आफ्ना आमा-बाबुबाट उचित दूध र खानेकुरा पाएपछि मात्र केटाकेटीहरू वृद्धि हुन सक्छन्। विश्वासीको जीवनमा पनि यही कुरा सत्य छ। यदि तपाईं प्रभुमा वृद्धि हुने आशा गर्नुहुन्छ भने आफूलाई खुवाउनको निम्ति तपाईंले उहाँलाई मौका दिनुपर्छ। उहाँले आफ्नो वचनद्वारा तपाईंलाई खुवाउनुहुन्छ। हरेक दिन खानको लागि तपाईंले नियमित योजना गर्नुभएझैं यस उद्देश्यको निम्ति पनि प्रत्येक दिन नियमित समयको लागि योजना बनाउनुहोस्। तपाईंले पढ्नु भएको कुरालाई बुझ्न पवित्र आत्माले तपाईंलाई सहायता गर्नुहुनेछ, र तपाईं प्रभुमा बढ्नुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

१ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सदुकीहरूले पवित्रशास्त्रलाई नबुझेका हुनाले येशूले तिनीहरूको भण्डाफोर गरिदिनुभयो।

**ख.** हामीले बाइबल पढ्दा परमेश्वरले हामीलाई आत्मिक रूपमा खुवाउनुहुन्छ।

**ग.** येशूले भन्नुभयो कि परमेश्वरको शक्तिलाई जान्नुचाहिँ पवित्रशास्त्रलाई जान्नुभन्दा पनि अझै महत्त्वपूर्ण हो।

**२** नियमित बाइबल पढाइको नतिजा के हो?

........................................................................................

## प्रभुको बारेमा विचार गर्नुहोस्

उद्देश्य २ *प्रार्थना र मनन किन महत्त्वपूर्ण छन्, व्याख्या गर्नुहोस्।*

ख्रीष्टियान वृद्धिको निम्ति अर्को सहायताचाहिँ प्रार्थना र मनन, अर्थात् प्रभुको बारेमा विचार गर्नु हो। परमेश्वरको बारेमा विचार गरिरहनका लागि हामीले आफैलाई तालीम दिन आवश्यक छ। हामीले उहाँको वचनको बारेमा, हिजोको एकलेसिया उपदेशको बारेमा र उहाँले हाम्रा निम्ति गर्नुभएका कामहरूका बारेमा विचार गर्नु आवश्यक छ। प्रेरित पौलसले फिलिप्पी ४:८-मा हाम्रा मनहरू असल कुराहरूले भर्नु भनी हामीलाई बताएका छन्। "जे कुरा सत्य, आदरणीय, न्यायसङ्गत, शुद्ध, प्रेमयोग्य र कृपामय छ, यी नै कुराका विचार गर।" यदि हामीले हाम्रो मनलाई उहाँमा राख्यौं भने, परमेश्वरले हामीलाई पूर्ण शान्तिमा राख्नुहुनेछ भन्ने यशैयाको प्रतिज्ञा हामीसँग छ (यशैया २६:३)। प्रभुको बारेमा विचार गर्नाले यसले उहाँमा हाम्रो विश्वासको वृद्धि गराउँछ।

हामीले यो पनि प्रार्थना गर्नुपर्छ कि परमेश्वरले उहाँको बाटोहरू हामीलाई सिकाउन् र हाम्रा मार्गहरूमा निर्देशन दिऊन्।



उहाँको वचनको अझ स्पष्ट बुझाइको निम्ति हामीले प्रार्थना गरेको उहाँ चाहनुहुन्छ। हामीलाई आवश्यक परेका कुराहरूको निम्ति परमेश्वरसँग बिन्ती गर्नुपर्छ भनी फिलिप्पी ४:६-मा हामीलाई अर्ती दिइएको छ। "सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो" भनी हामी एफिसी ६:१८-मा पढ्छौं। जब हामी अरू ख्रीष्टियानहरूका निम्ति प्रार्थना गर्छौं, हामीले तिनीहरूप्रति समुदायको आत्मा देखाएका हुन्छौं। ख्रीष्टलाई नचिन्नेहरूका निम्ति पनि हामीले प्रार्थना गर्नैपर्छ र यसरी तिनीहरू उहाँको नजीक आउन सक्छन्। जब हामी अविश्वासीहरूका निम्ति प्रार्थना गर्छौं, विस्तारित विचारमा हामीमा समुदायको आत्मा हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

३ प्रार्थना र मनन किन महत्त्वपूर्ण छन्? ..........................

..............................................................................

४ हामीले प्रार्थना गर्नुपर्छ भनी बाइबलले बताएका दुइ कुराहरूको उल्लेख गर्नुहोस्। ........................................................
.........................................................................

## ख्रीष्टियान प्रेमद्वारा अधीन हुनुहोस्

उद्देश्य ३ *येशूले सिकाउनुभएको नयाँ व्यवस्थाको वर्णन गर्नुहोस्।*

साँचो सामुदायिक जीवनको निम्ति इस्राएललाई दिइएका शुरूका नियमहरूमध्ये दश आज्ञाहरू पनि एक हुन् (प्रस्थान २०)। तिनीहरूले परमेश्वर र मानिसहरूका बीचको सम्बन्ध र मानिसहरू र मानिसहरूका बीचको सम्बन्धको बारेमा बताएका छन्। इस्राएलीहरूले गरेका सबै कुराहरूलाई यी व्यवस्थाहरूसँग तुलना गरिनुपर्छ। तिनीहरूमध्ये कुनैको पनि आज्ञा भङ्ग गर्नुहुँदैनथ्यो। यद्यपि, इस्राएलीहरूले यी व्यवस्थाहरू पालन गर्नका लागि ठूलो कठिनाइको अनुभव गरे।

यी आज्ञाहरू पाउने व्यक्तिहरू ती पालन गर्नका लागि बलिया छैनन् भन्ने कुरा परमेश्वरले देख्नुभयो। त्यसैले नै उहाँले येशू ख्रीष्टलाई पठाउनुभयो। रोमी ८:३ र गलाती ४:४-५-लाई पढ्नुहोस्। यी पदहरूले परमेश्वरको कृपा र मानिससँग सिद्ध सङ्गति (समुदाय) राख्ने उहाँको इच्छालाई प्रकट गर्छन्। मानिसले परमेश्वरसँग ठीक किसिमको सम्बन्ध स्थापना गऱ्यो भने अरू मानिससँग पनि उसको सम्बन्धको उन्नति हुन्छ।

म जवान छँदा मलाई एक जना पाको मानिससँग काम गर्न लगाइयो र उनी आफ्नो काममा पोख्त थिए। तर उनीसँग काम गर्नका लागि चाहिँ सजिलो थिएन। उनले मसँग जस्तै खराब व्यवहार गरे तापनि मचाहिँ प्रेमसाथ उनीसँग व्यवहार गर्छु भनी मैले निर्णय गरें। उनको अप्रसन्नताको व्यवहारले मलाई असर

नपारेको जब उनले देखे, उनले मप्रतिको आफ्नो व्यवहार परिवर्तन गरे। उनले मेरो प्रेमको प्रतिउत्तर दिए। उनीबाट मैले सिकेका धेरै मूल्यवान् पाठहरूले अझै पनि मलाई सहायता पुऱ्याइरहेका छन्। तीमध्ये एउटाचाहिँ यही हो कि कसैले पनि प्रेम र सरोकारको प्रवृत्तिको विरोध गर्न सक्दैन।

जब हामी ख्रीष्टलाई हाम्रा प्रभुका रूपमा ग्रहण गर्छौं, हाम्रा जीवनमा परिवर्तनले ठाउँ लिन्छ। परमेश्वर, बाइबल र अरू मानिसहरूको बेग्लाबेग्लै दृष्टिकोण छ। दश आज्ञाहरू र व्यवस्थाले गर्न नसकेको काम येशूले हाम्रा निम्ति गर्नुहुन्छ। येशूसँगको समुदायमा जब हामी प्रवेश गर्छौं, हामी नयाँ प्राणीहरू बन्छौं (२ कोरिन्थी ५:१७)। उहाँले आफ्नो प्रेमको व्यवस्था हाम्रा हृदयहरूमा लेखिदिनुहुन्छ (२ कोरिन्थी ३:३)। यसको अर्थ यही नै हो कि पुरानो व्यवस्थाको ठाउँमा प्रेमको व्यवस्थालाई राखिएको छ। हामीले उहाँलाई प्रेम गरेका कारणले हामी उहाँको आज्ञा पालन गर्न चाहन्छौं। अरू मानिसहरूसँगको सम्बन्ध प्रेमको व्यवस्थाद्वारा अधीन गरिएको हुन्छ। हाम्रो विवेक शुद्ध पारिएको हुन्छ र हाम्रो मन नयाँ तुल्याइएको हुन्छ। व्यवस्थाद्वारा आज्ञा गरिएका कुराहरूलाई अब हामी स्वभावैले गर्ने गर्छौं। जिउनको लागि अचम्मको तरीका यही नै हो।



के तपाईं ख्रीष्टियान बन्नुभएपछि कसैले तपाईंसँग नराम्रो व्यवहार गरेको छ? के तपाईंलाई आफूभित्र रीस उठेको थियो? यदि तपाईंले आफ्नो हृदयलाई परमेश्वरको प्रेमले भर्न दिनुभएको थियो भने तपाईंसँग खराब व्यवहार गर्नेलाई तपाईं क्षमा दिन सक्नुहुन्थ्यो। यदि तपाईं ख्रीष्टियान हुनुहुन्छ भने, परमेश्वरको शक्तिद्वारा तपाईंको स्वभाव परिवर्तन भएको छ। उहाँको प्रेमको व्यवस्था तपाईंको जीवनको नीति र चालचलन बन्छ। समुदायको आत्मा हुने तरीका नै यही हो!

**तपाईंको अभ्यासको निम्ति**

**५** ठीक शब्दहरू राखी तल दिइएका वाक्यहरूलाई पूरा गर्नुहोस्।

**क.** परमेश्वरले इस्राएलीहरूलाई निर्दिष्ट नियमहरू दिनुभयो, जसलाई ............................................ भनिन्छ।

**ख.** येशूले सिकाउनुभएको व्यवस्था........ को व्यवस्था थियो।

**ग.** ख्रीष्टको व्यवस्थाको आज्ञा पालन गर्न सम्भव छ, किनकि हामी ............................................

**घ.** ख्रीष्टले आफ्नो व्यवस्था हाम्रा ........... मा लेख्नुहुन्छ।

**६** मेरो विरोध गर्ने व्यक्तिलाई क्षमा दिनु सजिलो छ, किनकि

**क.** मैले क्षमा दिनैपर्छ भनी व्यवस्थाले मलाई बताउँछ।

**ख.** म ख्रीष्टियान बनेपछि मेरो स्वभाव परिवर्तन भएको छ।

## अरूहरूसँग आराधना गर्नुहोस्

उद्देश्य ४ *अरू ख्रीष्टियानहरूसँगको आराधनाले आत्मिक रूपमा वृद्धि हुनका लागि हामीलाई कसरी सहायता पुऱ्याउँछ व्याख्या गर्नुहोस्।*

अरू ख्रीष्टियानहरूसँगको आराधनाले वृद्धि हुनका लागि तपाईंलाई सहायता पुऱ्याउँछ। परमेश्वरको वचन अध्ययन गर्नका लागि हामी एकैसाथ भेला हुनु आवश्यक छ। नियमित रूपमा एकलेसियामा हाजिर र शिक्षाले प्रभुमा हामीलाई निर्माण गर्छ। अरूहरूका समस्याहरू र आनन्दहरूलाई बाँड़चूँड़ गर्नाले ठूलो सहायता पुग्छ। समुदायको आधारभूत सिद्धान्तचाहिँ यही हो कि हामीलाई एक-अर्काको आवश्यकता छ। हामीले जस्तै प्रभुलाई चिन्ने र प्रेम गर्नेहरूसँग हामीहरूले समय बिताउनु आवश्यक छ। के तपाईं अरू ख्रीष्टियानहरूसँग एकैसाथ भेला हुनुहुन्छ? तिनीहरूले गरेका कामहरूमा के तपाईं सहभागी बन्नुभएको छ? के तिनीहरू खुशी हुँदा तिनीहरूसँगै तपाईं खुशी हुनुभएको छ? के तिनीहरू निराश हुँदा तपाईंले तिनीहरूलाई उत्साह दिनुभएको छ? यदि तपाईंले यसो गर्नु-भएको छ भने तपाईंले समुदाय र प्रेमको आत्मालाई देखाउँदैहुनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

७ अरूहरूसँग गरिएको आराधनाले आत्मिक रूपमा वृद्धि हुनको लागि हामीलाई कसरी सहायता गर्छ भनी तलका कुन-कुन बयानहरूले व्याख्या गर्छन्?

**क.** जब हामी अरूहरूका आनन्द र दुःख-कष्टमा सहभागी हुन्छौं, तिनीहरूलाई हाम्रो आवश्यकता पर्छ भनी हामी महसूस गर्छौं।

**ख.** अरू ख्रीष्टियानहरूसँग आराधना र बाँड़चूँड़ गर्नाले हामीले सामर्थ्य पाउँछौं र यसले हामीलाई प्रभुमा निर्माण गर्छ।

## वृद्धिका सिद्धान्तहरू

उद्देश्य ५ *परमेश्वरमा र संसारबाट अलग हुने सिद्धान्तलाई वर्णन गर्नुहोस्।*

परमेश्वरको वचनको अध्ययन, प्रार्थना, परमेश्वरको बारेमा विचार, उहाँलाई आराधना र अरूहरूप्रतिको प्रेमद्वारा हाम्रो ख्रीष्टियान हिँड़ाइमा जब हामी परिपक्व हुन्छौं, तब परमेश्वरले हामीलाई *पवित्रताको* जीवनमा अगुवाइ गर्नुहुन्छ। बाइबलले कहिलेकहीँ यसलाई *अलग हुनु* भनेको छ। नयाँ करारले अलगपनको दुइ भागको बारेमा बताउँछ। एउटाचाहिँ परमेश्वरमा अलग हुनु र अर्कोचाहिँ पाप*बाट* अलग हुनु हो। दुवै नै धेरै महत्त्वपूर्ण छन्।

### परमेश्वरमा अलग

परमेश्वरमा अलग भइरहनको निम्ति उहाँले तपाईंलाई बोलाउँदैहुनुहुन्छ। तपाईं समर्पित र उहाँको प्रयोगको निम्ति छुटयाइएको व्यक्ति भएको उहाँले चाहनुहुन्छ। रोमी १२:१-ले बताउँछ, "तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।" यो अलगपनाको सकारात्मक पक्ष हो। प्रेरित १३:२-लाई हेर्नुहोस्: "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" रोमी १:१-लाई पनि पढ्नुहोस्।

"म पावल .... परमेश्वरको सुसमाचारको निम्ति अलग गरिएको हुँ।" यो अलगपनाचाहिँ परमेश्वरमा थियो भन्ने कुरा हामी फेरि यहाँ देख्छौं।

परमेश्वरप्रति भएको अलगपनले उहाँमा पूर्ण समर्पण वा निश्चयताको माग गर्छ र यसरी ख्रीष्टको जस्तो पवित्र जीवन जिउनको लागि उहाँले हामीलाई सहायता गर्न सक्नुहुन्छ।



**संसारबाट अलग**

२ कोरिन्थी ६:१४-मा हामी पढ्छौं, "अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ, किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता?" यहाँको सन्देश यही नै हो कि साँचो साझेदारी (समुदाय) विश्वासी र अविश्वासीका बीचमा हुन सक्दैन। विश्वासीहरू र अविश्वासीहरूका बीचमा समुदायको आत्माको निम्ति थोरै मात्र आधार छ। "साझेदार," "सहकर्मी" र "सहभागिता"-जस्ता शब्दहरूलाई विचार गर्नुहोस्। पाठ १-मा *समुदायको* परिभाषा दिँदा यी नै शब्दहरू प्रयोग गरिएका थिए। अविश्वासीहरूसँग यस्ता किसिमका सम्बन्धहरूमा प्रवेश नगर्नू भनी यस पदले

हामीलाई बताउँछ। विवाह वा धन-सम्पत्ति कमाउनका लागि एकैसाथ काम गर्नेजस्ता नजीकका सम्बन्धहरूको बारेमा यसले बताएको हो। संसारमा हुने दैनिक सम्पर्कहरूका बारेमा यसले बताएको होइन।

परमेश्वरमा विश्वास नै नगर्ने मानिसहरूसँग हामी प्रायजसो हुन्छौं। हामी त्यहीँ नै भएको परमेश्वरले पनि चाहनुहुन्छ। यी मानिसहरूलाई नै हामीले परमेश्वरका लागि जित्नुपर्छ। दुष्ट संसारमा परमेश्वरको बालक हुनुमा रहस्यचाहिँ परमेश्वरलाई चिन्नु हो। तपाईंले आफ्नो जीवनको अधीन गर्न पवित्र आत्मालाई दिनुपर्छ। तपाईं परमेश्वरका कुराहरूले यति धेरै भरिनुपर्छ कि सबैले यो कुरा थाहा पाएका हुनुपर्छ। तपाईंले तिनीहरूलाई भन्नु पनि पर्दैन। तपाईं संसारमा बाँच्नुभएको छ, तर तपाईं स्वर्गको नागरिक हुनुहुन्छ। तपाईं अविश्वासीहरूसँग हुन सक्नुहुन्छ, तर तपाईं तिनीहरू*जस्तै* चाहिँ हुनुहुँदैन!

चन्द्र बहादुर नाम गरेका एक जना मानिसले आफ्नो नयाँ छिमेकीको जीवनमा केही भिन्नै कुरा देखे। यो के थियो भनी उनले प्रश्न गरे। ती छिमेकीले जवाफ दिए कि उनले येशूलाई आफ्ना प्रभुको रूपमा ग्रहण गरेका छन्। आफ्नो छिमेकीको साक्षीको कारण छिट्टै नै चन्द्र बहादुरले पनि आफ्नो जीवन ख्रीष्टलाई दिए। त्यसपछि उनी आफ्नी आमालाई भेट्न अर्को शहरमा गए। "तिमीलाई के भयो?" भनी तिनले सोधिन्। उनले तिनलाई येशूको बारेमा बताए र तिनले पनि छिट्टै नै प्रभुलाई मुक्तिदाताको रूपमा ग्रहण गरिन्। तिनीहरू दुवै पवित्र आत्माले भरिए। चन्द्र बहादुरचाहिँ परिवर्तन भएका थिए। जब उनकी आमाले उनमा भिन्नता देखिन्, चन्द्र बहादुरले पाएकै कुरा तिनले पनि पाउन चाहिन्। चन्द्र बहादुरका छिमेकी परमेश्वरमा र संसारबाट अलग भएका हुनाले दुइ जनाको जीवन परिवर्तन भयो!

**तपाईंको अभ्यासको निम्ति**

८ परमेश्वरको निम्ति अलग गरिएको वा संसारबाट अलग गरिएको सिद्धान्तलाई नमूनित गर्ने क्रियाकलापहरूको अगाडिपट्टि **हो** लेख्नुहोस्।

..... **क** बाइबलको दैनिक पढ़ाइ
..... **ख** सङ्गति गर्नका लागि ख्रीष्टियान मित्रहरूलाई छान्नु
..... **ग** यी कुराहरूले प्रभुलाई खुशी पार्दैनन् भनी जान्दाजान्दै ती कामहरूमा भाग लिनु।
..... **घ** ख्रीष्टियान नभएको कुनै व्यक्तिसँग विवाह गर्नु
..... **ङ** धेरै व्यस्त भएर नियमित रूपमा प्रार्थना गर्न नसक्नु
..... **च** तपाईंलाई अगुवाइ गर्नका लागि परमेश्वरसँग बिन्ती गर्नु
..... **छ** आवश्यकतामा परेको व्यक्तिको निम्ति प्रेम र सरोकार देखाउनु

## सहनशीलता र धैर्यता

उद्देश्य ६ *ख्रीष्टियानहरूको जीवनमा सहनशीलता र धैर्यताको उचित प्रवृत्तिहरूलाई परिचित गर्नुहोस्।*

ख्रीष्टियानहरूको चालचलनको स्तर कस्तो हुनुपर्ने हो भनी जान्न कति पल्ट उनीहरूलाई कठिन पर्छ। कोही-कोही ख्रीष्टियानहरू भन्छन् कि अब हामी व्यवस्थाको अधीनमा छैनौं, त्यसैकारण हाम्रो आफ्नै स्तरअनुसार जिउनलाई हामी स्वतन्त्र छौं। अरूहरूको चाहिँ अझै *विधिगत* प्रवृत्ति हुन्छ। त्योचाहिँ उनीहरूले गरेका वा नगरेका कुराहरूद्वारा तिनीहरू परमेश्वरको अनुग्रह प्राप्त गर्ने कोशिश गर्छन्। ख्रीष्टमा राखिएको विश्वासद्वारा

भन्दा नियमहरूको सूची पालन गरी परमेश्वरमा आफू स्वीकार हुने कोशिश उनीहरू गर्छन्। यस्ता खालका विचारहरू खतरापूर्ण हुन्छन्। ख्रीष्टियान विश्वासचाहिँ कसैले पालन गर्ने नियमहरूको मुद्दा होइन। योचाहिँ मुक्तिदाताको रूपमा ख्रीष्टलाई ग्रहण गर्नु र उहाँलाई हाम्रो जीवनको प्रभु बनाउनु हो। येशू आफैले भन्नुभयोः

> व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ (मत्ती ५:१७)।

जब येशू ख्रीष्ट हाम्रा जीवनका प्रभु हुनुहुन्छ, उहाँलाई खुशी पार्ने कामहरू मात्र हामी गर्न चाहन्छौं। हाम्रो ख्रीष्टियान गवाहीलाई हानि पुऱ्याउने केही कुराहरू पनि हामी गर्न चाँहदैनौं। हामी विधिगत नियमहरूद्वारा बाँधिएका छैनौं, नता हामीलाई मन लागेको कुरा गर्न ख्रीष्टको अनुग्रह पर्याप्त छ भन्ने भावना नै हामीमा छ। चरित्रको हाम्रो स्तरमा *धैर्यता* वा *सन्तुलनको* अभ्यास गर्न ख्रीष्टको प्रेमको व्यवस्थाले हामीलाई सहायता पुऱ्याउँछ।



बेग्लाबेग्लै व्यक्तिहरूका रूपमा परमेश्वरले हामीसँग व्यवहार गर्नुहुन्छ। हाम्रो खाँचो उहाँलाई थाहा छ। हाम्रा ख्रीष्टियान

चालचलनमा धैर्यता वा सन्तुलन प्राप्त गर्नका निम्ति उहाँले हामीलाई सहायता पुऱ्याउनुहुनेछ।

परमेश्वरले हामीसँग व्यक्तिगत रूपमा व्यवहार गर्नुहुने हुनाले हाम्रा आफ्नै स्तरहरूद्वारा अरूहरूलाई न्याय नगर्नका लागि हामी होशियारी हुनुपर्छ। विशेष खानेकुराहरू खाने र विशेष दिनहरू मान्ने सम्बन्धमा रोमी १४ र १५-ले यस बारेमा बताएको छ। यद्यपि यी अध्यायहरूमा सिकाइएका सिद्धान्तहरू हाम्रो जीवनका कुनै पनि प्रश्नयोग्य क्षेत्रहरूमा प्रयोग गर्न सकिन्छ। यी केही सिद्धान्तहरू यहाँ उल्लेखित छन्ः

१. "यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौं। बरु आफ्नो भाइको बारेमा ठेस लाग्ने कुरा अथवा बाधा पार्ने कुरा कहिल्यै नराख्ने अठोट गरौं" (रोमी १४:१३)।
२. "यसैले हामी ती कुराहरूको अनुसरण गरौं, जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ" (रोमी १४:१६)।
३. "उचित त यो हुन्छ कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु, जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ। यस सम्बन्धमा तिमीमा भएको विश्वास परमेश्वर र तिम्रो बीचमा राख" (रोमी १४:२१-२२)।
४. "यसकारण परमेश्वरका महिमाको निम्ति ख्रीष्टले तिमीहरूलाई ग्रहण गर्नुभएबमोजिम तिमीहरूले पनि एउटाले अर्कालाई ग्रहण गर" (रोमी १५:७)।

पवित्रशास्त्रका यी खण्डहरूले स्पष्ट पारेका छन् कि हाम्राभन्दा बेग्लै चालचलन भएका अरू मानिसहरूप्रति हामी शहनशील हुनैपर्छ। सहनशील हुनु भनेको अर्थ धैर्य धारण गर्नु र अरूहरूसँग पूर्ण सहमति हुन नसके पनि तिनीहरूलाई स्वीकार गर्नु हो।

एक-एक मानिसको रूपमा हामीसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने कुरा परमेश्वरलाई थाहा छ। उहाँले व्यक्तिगत आधारमा हामीसँग व्यवहार गर्नुहुन्छ। उहाँले हामीलाई उहाँ आफैसँगको नजीकको सम्बन्धमा ल्याउनुहुने हुनाले उहाँले यसो गर्नुहुन्छ। हामीलाई कुन-कुन क्षेत्रमा सहायताको आवश्यकता छ सो उहाँ जान्नुहुन्छ। उहाँले तपाईंबाट एउटा कुरा माग गर्नुहुन्छ होला र अर्को व्यक्तिबाट बेग्लै कुरा माग गर्नुहुन्छ होला। केही कुराहरू गर्नका लागि उहाँले हामीलाई प्रेरणा दिनुहुन्छ र केही कुराहरू नगर्नका लागि पनि उहाँले प्रेरणा दिनुहुन्छ। परमेश्वरले हामीलाई जसरी गर भन्नुभएको छ, सबैलाई नै त्यही गराउने कोशिश हामीले गर्नुहुँदैन। अरू ख्रीष्टियानहरू जस्ता छन्, हामीले तिनीहरूलाई स्वीकार गर्नुपर्छ र प्रभुले तिनीहरूलाई अगुवाइ गर्नुभएको होस् भन्ने आशा राख्नुपर्छ। हामी सहनशील हुनुपर्छ।

येशूले भन्नुभयो कि "जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्छौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ" (मत्ती ७:२)। त्यसकारण अरूहरूप्रतिको हाम्रो न्यायमा हामी कठोर वा आलोचक हुनु बुद्धिमानी होइन। अरूहरूप्रति भएको सहनशीलता प्रेमको व्यवस्थाको उदाहरण हो र समुदायको आत्मा भएको जहीँ पनि यो उपस्थित हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

६ रोमी १४:१९ र रोमी १५:७-ले हामीलाई कुन दुइ कुरा गर्नु भनेको छ? ..........................................

..........................................................................

| **१०** तलका बयानहरूलाई पढ्नुहोस् र आफैलाई जाँच्नुहोस्। तपाईंको प्रवृत्तिलाई उल्लेख गर्ने ठाउँमा × चिन्ह लगाउनुहोस्। | छ | छैन | कहिलेकहीँ |
|---|---|---|---|
| **क.** मेरा विचारहरूभन्दा भिन्नै भए तापनि अरूहरूका विचारहरूप्रति म सहनशील छु। | | | |
| **ख.** म अरूहरूलाई छिट्टै न्याय गर्दिनँ। म धैर्य हुने कोशिश गर्छु। | | | |
| **ग.** मैले जे गरेको प्रभु चाहनुहुन्छ सो देखाउनुहोस् भनी म उहाँसँग बिन्ती गर्छु र त्यसपछि म सो गर्ने कोशिश गर्छु। | | | |
| **घ.** मैले गरिराखेका केही कुरा बन्द गर्नुपर्छ भनी प्रभुले मलाई देखाउनुभो भने म उहाँको आज्ञा पालन गर्छु। | | | |
| **ङ.** प्रभुले मलाई गर्न नदिनुभएका कामहरू अरूहरूले स्वतन्त्रसाथ गरेकामा म निराश हुँदिनँ। | | | |
| **च.** के ठीक र के बेठीक छ भन्ने सम्बन्धमा म मेरा विचारहरूलाई अरूहरूमाथि थुपार्ने कोशिश गर्दिनँ। | | | |

**११** ठीक बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सबै अवस्थाहरूमा हाम्रो चालचलन कस्तो हुनुपर्छ भनी बाइबलले स्पष्ट स्वरूपमा बताएको छ।

**ख.** के ठीक हो र के बेठीक हो भनी पवित्र आत्माले हामीलाई देखाउन सक्नुहुन्छ।
**ग.** आफ्नो भन्दा भिन्दै स्तर भएका ख्रीष्टियानहरूबाट अरू ख्रीष्टियानहरू अलग रहनुपर्छ।
**घ.** यदि हामीहरूले कठोरतासाथ अरूहरूको न्याय गर्‍यौं भने परमेश्वरले पनि कठोरतासाथ हाम्रो न्याय गर्नुहुनेछ।
**ङ.** हामीहरूले हाम्रै स्तरअनुसार अरू ख्रीष्टियानहरूलाई जिउने बनाउनुपर्छ।

**१२** तल उल्लेखित विषयहरूका बारेमा तपाईंले यस पाठमा कुन सिद्धान्त सिक्नुभएको छ?
**क.** ख्रीष्टियान चालचलन (स्वभाव) ........................
..............................................................
**ख.** विधिगत कुराहरू ..............................................
..............................................................
**ग.** सहनशीलता ...................................................
..............................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ ख) अरू ख्रीष्टियानहरूसँग आराधना र बाँड़चूँड़ गर्नाले हामीले सामर्थ्य पाउँछौं र यसले हामीलाई प्रभुमा निर्माण गर्छ।

१ **क** ठीक।
**ख** ठीक
**ग** बेठीक

८ **क** हो।    **ङ** होइन।
**ख** हो।    **च** हो।
**ग** होइन।    **छ** हो।
**घ** होइन।

२ हामी आत्मिक रूपमा वृद्धि हुन्छौं।

१० तपाईंको उत्तर। यी कुनै पनि क्षेत्रमा तपाईंले आफ्नो प्रवृत्तिलाई विकास गर्नु आवश्यक छ।

३ तिनीहरूले हामीलाई आत्मिक रूपमा वृद्धि हुनका लागि सहायता गर्छन् हामीमा समुदायको ठूलो आत्मा छ।

६ मिलाप गराउने कामहरू गर्नु। एक-अर्कालाई स्वीकार गर्नु।

४ तपाईंको उत्तर। तल दिइएकाहरूमध्ये कुनै पनिः
परमेश्वरको अगुवाइको निम्ति; परमेश्वरको वचन बुझ्नका लागि; हाम्रा आवश्यकताहरूका लागि; अरू ख्रीष्टियानहरूका लागि; अविश्वासीहरूका लागि।

११ **क** बेठीक।    **घ** ठीक।
**ख** ठीक।    **ङ** बेठीक।
**ग** बेठीक।

५ **क** दश आज्ञाहरू।
**ख** प्रेम।
**ग** उहाँलाई प्रेम गर्छौं र उहाँको आज्ञा पालन गर्न चाहन्छौं।
**घ** हृदयहरूमा।

१२ तपाईंको उत्तर। यहाँ केही सम्भाविय उत्तरहरू दिइएका छन्ः
**क** बाइबलले निर्दिष्ट निर्देशन दिएका क्षेत्रहरूमा हामीले

बाइबलको अगुवाइलाई पालन गर्नैपर्छ र अरू क्षेत्रहरूमा चाहिँ पवित्र आत्माको अगुवाइको निम्ति उहाँसँग बिन्ती गर्नुपर्छ।

**ख** हामीहरूले नियमअनुसारको सूची पालन गर्नुभन्दा ख्रीष्टको प्रेमको व्यवस्थाले आफ्ना कार्यहरूलाई अगुवाइ हुन दिनुपर्छ।

**ग** हामीहरूको भन्दा भिन्दै विचार भएका मानिसहरूलाई हामीले स्वीकार गर्नैपर्छ र तिनीहरूलाई अगुवाइ गरिदिनका लागि पवित्र आत्मासँग बिन्ती गर्नुपर्छ।

६ ख म ख्रीष्टियान बनेपछि मेरो स्वभाव परिवर्तन भएको छ।